# माथागढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## Mathagadhi Rural Municipality
## Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


च.नं.(Despatch No.)
पत्र संख्या :(Ref No.)

## प्रेस विज्ञप्ति !

मितिः २०८०/०३/२९

आदरणीय माथागढी गाउँपालिकावासी जनसमुदायहरु,

पालिकाको दिगो विकास, समृद्धि र सुशासनका लागि निर्वाचित जनप्रतिनिधिहरु अहोरात्र खटिई विकासका काममा कति पनि अविचलित रही राष्ट्रसेवक कर्मचारीहरुलाई यथेष्ट साथ सहयोग गर्दै आईरहेको अवस्था छ।यस आ.व.मा लक्षित नतिजा हासिल गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, आम-उपभोक्ता, निर्माण व्यवसायी एवं सबै सरोकारवाला पक्षलाई धन्यवाद दिन चाहान्छु ।

आ.व. २०७९/०८० मा वार्षिक, नीति ,कार्यक्रम तथा बजेट अनुरुपका कार्यहरुको अपेक्षित लक्ष्य तथा उपलब्धी हासिल गर्न सम्पन्न योजना तथा कार्यक्रमहरुको फरफारक गर्ने काम प्रशासनिक र प्राविधिक कर्मचारीहरुबाट जिम्मेवारीपूर्वक भई रहेको छ भनि हामी जनप्रतिनिधिहरु विश्वस्त हुँदै आईरहेका थियौं।यस सन्दर्भमा कार्यालयीय कामहरु समयमा नभएको भनि सम्बन्धित सरोकारवाला तथा उपभोक्ता समितिका प्रतिनिधिहरु गाउँपालिकामा आई जिज्ञासा राखेको देखिन्छ।साथै सम्पन्न योजनाहरुको सम्बन्धमा अन्तिम समयमा सुत्रप्रणालीमा समस्या आई रकम भुक्तानी हुन नसक्दा उपभोक्तामा देखिएको त्रासका कारण बिभिन्न योजनाका उपभोक्ताहरु, निर्माण व्यावसायी (प्रतिनिधी)हरु मिति २०८०।०३।२७ गतेका दिन पालिकामा आएर भुक्तानीको बिषयमा सोधनी हुँदा उत्पन्न वादविवादले उग्ररुप लिएको घटना प्रति दुःख व्यक्त गर्दछु।त्यस किसिमको घटना आगामी दिनमा हुन नदिन गाउँपालिका प्रतिबद्ध रहेको छ।ती योजनाहरुको (भौचर उठीसकेका तर रकम ट्रान्सफर नभएका) भुक्तानी मिति २०८०/०३/२८ गते सुत्र प्रणालीमा आएको सहजताले भुक्तानी प्रक्रिया पनि सम्पन्न भएको व्यहोरा सम्पूर्ण सरोकारवालहरुमा अवगत गराउन चाहान्छु।

उक्त समयमा पालिकामा १३औं गाउँसभाको दोस्रो बैठकको अध्यक्षको हैसियतले कार्यकक्षमा व्यस्त रहीरहँदा बाहिर होहल्ला बढेको सुनेपछी बाहिर निस्की सम्पूर्ण सरोकारवालाहरुलाई सम्झाई-बुझाई गरिएको थियो। तत्पश्चात अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत र सम्बधित सरोकारवालाहरु बीचमा सहमति भई उठिसकेका भौचर अनुसारको योजनाहरुको भुक्तानी सुत्र प्रणाली

अध्यक्ष

# माथागढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## Mathagadhi Rural Municipality
## Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


च.नं. (Despatch No.)
पत्र संख्या :(Ref No.)

खुल्नासाथ हुने प्रतिबद्धता पछि भिड हटेको र तत्पश्चात शान्तिपूर्ण रुपमा गाउँसभा सञ्चालन भई सम्पन्न भएको थियो।

यसै सन्दर्भमा कर्मचारीहरुबाट शान्ति सुरक्षाको माग गर्दै जिल्ला प्रशासन कार्यालय, पाल्पामा निवेदन पेश भएको भन्ने विषयमा विभिन्न सामाजिक सञ्जाल लगायतबाट समाचार संप्रेषण भई आएकोमा हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ। सामाजिक सञ्जालहरुमा उल्लेख भए जस्तो पालिकामा कार्यरत प्रशासनिक तथा प्राविधिक कर्मचारीहरुलाई जनप्रतिनिधिहरुबाट काममा कुनै किसिमको दबाब सिर्जना हुने काम कहिल्यै नभएको र आफ्नो बिबेकले ऐन, नियम अनुसार काम गर्न समेत निर्देशन भएको हुँदा समजिक सञ्जालमा सम्प्रेषण भएका समाचारहरु तथ्यहिन, आधारहिन र झुठा रहेकोले सो प्रति यस पालिकाको घोर आपत्ति रहेको छ। कर्मचारीहरुलाई हरबखत पालिका अध्यक्षबाट कामप्रति हौसला, तदारुकता, सहयोग, उत्प्रेणाका साथ अभिभावकीय भूमिका रहि आएको सन्दर्भमा यस्ता कुराहरु आउनु दुःखद् पक्ष हो। समस्या समाधानको लागि पालिका अध्यक्षबाट नै पहल भईसकेको र सम्पूर्ण शान्ति सुरक्षाको जिम्मा पालिकाको रहेको हुँदा पालिकामै सो किसिमको निवेदन हुनु पर्ने, पालिका अध्यक्ष समक्ष कुनै सरसल्लाह तथा छलफल नै नभई जनगुनासोका सम्बन्धमा अध्यक्ष लगायत अन्य जनप्रतिनिधीहरु प्रति लक्षित गर्दै कर्मचारीहरुबाट फरक आचरण राखी व्यक्तिगत रिस, जनताप्रति जवाफदेहिताहिन, गैरजिम्मेवार भई सुरक्षाको मागको नाममा पालिकाको बदनाम गर्ने काम निन्दनीय छ।

कर्मचारी प्रशासन जनता प्रति गैरजिम्मेवार, विभेदपूर्ण हुने काम नगरी जनताको सेवामा कुनै गुनासो नआउने गरी अविचलित भई जिम्मेवारीपुर्वक आफ्नो काममा कटिबद्ध भएर लाग्न पालिकाले अपिल गर्दछ। सामान्य तवरले दैनिक जीवनयापन गर्न पालिका भित्र शान्ति अमनचयन पूर्ण रुपमा कायम गर्न तथा जनता प्रति उत्तरदायी भई सबै किसिमको सेवा प्रवाह गर्न गाउँपालिका प्रतिवद्ध रहेको सम्पूर्ण सरोकारवालाहरुमा जानकारी गराईन्छ।

२०८०।०२।२५

यम बहादुर चिदी
अध्यक्ष
माथागढी गाउँपालिका, पाल्पा

अध्यक्ष